आ.व. ०७४।७५ को पहिलो बैठक

आज मिति २०७४ साल श्रावण १५ गते आइतवार विहान ८:०० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री तुमानन्द सुवेदीको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

तपसिल

१. श्री तुमानन्द सुवेदी, अध्यक्ष
२. श्री जगदम्बा कुमारी चौधरी, उपाध्यक्ष
३. श्री तारा बहादुर डि.सी. वडा अध्यक्ष
४. श्री जगत बहादुर थापा वडा अध्यक्ष
५. श्री चन्दर चौधरी वडा अध्यक्ष
६. श्री विष्णु बहादुर घर्ती क्षेत्री, वडा अध्यक्ष
७. श्री गोवर्धन रावत वडा अध्यक्ष
८. श्री वेद प्रसाद चौधरी वडा अध्यक्ष
९. श्री विद्याशरण चौधरी वडा अध्यक्ष
१०. श्री गोकर्ण बहादुर रानामगर वडा अध्यक्ष
११. श्री रिम बहादुर सुनारी मगर वडा अध्यक्ष
१२. श्री तारा कुमारी चौधरी, सदस्य
१३. श्री विष्णु ~~कुमारी~~ गुरुङ सदस्य
१४. श्री कुवारी देवी कार्की सदस्य
१५. श्री सुनिता मल्ल सदस्य
१६. श्री टेक बहादुर कुमाल सदस्य
१७. श्री संजिव परियार सदस्य
१८. श्री तिलक बहादुर खड्का सदस्य-सचिव

विषय : बैठकका कार्यसूचीहरु ।

कार्यसूची नं. १ : राप्ती गाउँ कार्यपालिकाको कार्य सम्पादन नियमावली,२०७४ पारित गर्ने ।

कार्यसूची नं. २ : राप्ती गाउँ कार्यपालिकाको कार्य विभाजन नियमावली,२०७४ पारित गर्ने ।

कार्यसूची नं. ३ : राप्ती गाउँ कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि,२०७४ पारित गर्ने ।

कार्यसूची नं. ४: राप्ती गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली,२०७४ पारित गर्ने ।

कार्यसूची नं. ५ : विषयगत समितिका सदस्य तोक्ने सम्वन्धमा ।

कार्यसूची नं. ६ : प्रवक्ता तोक्ने सम्वन्धमा ।

Scanned with CamScanner

**निर्णय नं. १**

राप्ती गाऊँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को प्रस्तावको नियम २५(३) बमाजिमको राजश्व परामर्श समितिमा बुँदा (च) पछि देहायको बुंदा थप गरि अन्य व्यहोरा पेश भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

"कर दाता मध्येवाट अध्यक्षले तोकेको (संस्थागत र व्यक्तिगत करदाता मध्येबाट एक एक जना समावेश हुने गरी) २ जना सदस्य"थप गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव बमोजिम पेश भएको "राप्ती गाऊँ कार्यपालिकाको कार्य विभाजन नियमावली,२०७४" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव बमोजिम पेश भएको "राप्ती गाऊँ कार्यपालिकाको वैठक सञ्चालन कार्यविधि,२०७४" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव बमोजिम पेश भएको "राप्ती गाऊँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली,२०७४" पारित गर्ने ।

**निर्णय नं. ५**

कार्यसम्पादन नियमावली २०७४ को नियम १५ को उपनियम (१) बमोजिमका समितिहरुमा नियम (२) बमोजिम प्रत्येक समितिमा सदस्यको संख्या दुई दुई रहने र सदस्यहरु संयोजक तोकिसकेपछि मात्र तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

राप्ती गाऊँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १७(१) बमोजिम गाउँ कार्यपालिकाका सदस्य श्री विद्याशरण चौधरीलाई राप्ती गाउँ कार्यपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।

Scanned with CamScanner